# मर्चवारी गाउँ सभा सञ्चालन कार्यविधि, २०७४

गाउँ सभाबाट स्वीकृत मिति २०७४/११/०९

प्रमाणीकरण मिति :

स्थानीय राजपत्रमा प्रकाशित मिति :

## २०७४ सालको कार्यविधि नं. ....

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ (१०) ले दिएको अधिकारको प्रयोग गरी प्रदेश कानूनले सभाको बैठक सम्बन्धमा अन्यथा व्यवस्था नगरेसम्मको लागि प्रदेश कानून बमोजिम स्थानीय तहको बैठक सञ्चालन कार्यविधि स्वीकृत भई लागू नभएसम्मको लागि मर्चवारी गाउँ **सभाको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न, आवश्यक समितिहरूको गठन गर्न र अन्य काम कारवाही नियमित एवं प्रभावकारी** बनाउन मर्चवारी गाउँ **सभाबाट** स्वीकृत गरी यो कार्यविधि जारी गरिएको **छ** ।

### परिच्छेद - 1

### प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस नियमावलीको नाम "मर्चवारी गाउँसभा सञ्चालन कार्यविधि-२०७४" रहेको छ।

(2) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

2. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

- "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।
- "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्दछ ।
- "सभा" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँसभा, सम्झनु पर्दछ ।
- "कार्यपालिका" भन्नाले गाउँ **कार्यपालिका** सम्झनु पर्दछ ।
- "अध्यक्ष" भन्नाले सभाको अध्यक्षलाई सम्झनु पर्छ ।
- "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष